वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय ,सुर्खेत

**मिति २०७९।१०।२६ गतेका दिन बसेको वीरेन्द्रनगर नगरकार्यपालिकाको चौधौं बैठकबाट देहाय वमोजमका निर्णयहरु पारित गरियो ।**

निर्णय न. १

यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्ने ।

निर्णय न. २

चालु आ.व. २०७९/०८० मा कार्यान्वयन हुने गरी वीरेन्द्रनगर नगरपालिकाका विभिन्न शाखा तथा वडाहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरु संशोधन,थप,रकमान्तर तथा शिर्षक परिवर्तनका लागी सिफारिस भई आएको एकिकृत विवरण सहितको प्रतिवेदनमा पुंजीगत तर्फका कार्यक्रम चालु तर्फ नहुने गरी कार्यपालिकाबाट स्वीकृत भएका आयोजना संशोधन, रकमान्तर र शिर्षक परिवर्तनका लागि नगर सभा समक्ष पेश गर्ने ।

निर्णय न. ३

देहायका ऐनहरुको मस्यौदा तयार तथा संशोधनका लागि सभा समक्ष पेश गर्ने ।

(क) स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम नगर प्रहरीको सेवालाई सृदृढ, सक्षम, सेवामुलक र उत्तरदायी बनाउँदै नगरपालिकाको नगर प्रहरीको प्रशासनलाई व्यावसायिक,मर्यादित र प्रभावकारी बनाउन नगर प्रहरी सेवाको गठन,संचालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गर्न बाच्छनीय भएकाले नगर प्रहरी विधेयक कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने ।

(ख) नगरपालिकाको आर्थिक ऐन, २०७९, र घर वहाल कर कार्यविधि,२०७५ लाई समसायिक संशोधन गरी नगरपालिकाको राजश्वको दायरा लाई विस्तार गर्न आवश्यक भएकाले कार्यविधिको दफा ५ अनुसार प्रत्येक वडाहरुबाट आफ्नो क्षेत्र भित्रको बजार,व्यावसायिक तथा औद्योगिक क्षेत्र भित्र रहेको टोलहरुका घरहरुको हकमा बहाल रकमको १० प्रतिशत र अन्य विशुद्ध आवासिय प्रयोजनका घरहरुलाई घरभाडा करको दायरामा ल्याउनका लागि १० प्रतिशतको दरमा ५ प्रतिशत छुट गरी ५ प्रतिशत घर बहाल कर कायम गर्ने गरी चालु आ.व. २०७९/८० को आर्थिक ऐन, संशोधनका लागि आगामी नगर सभामा पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहिणमाया ढकाल (भण्डारी)
नगर प्रमुख

(ग) यस नगरपालिकाको देहायका ऐन हरुमा केही विषय संशोधन गर्न वान्छनीय रहेकाले आगामी नगर सभामा संशोधनका लागि प्रस्ताव पेश गर्ने ।

१. वीरेन्द्रनगर नगरपालिकाको स्थानीय सेवा ऐन, २०७७

२. वीरेन्द्रनगर नगरपालिकाको शिक्षा ऐन, २०७४

३. वीरेन्द्रनगर नगरपालिकाको आर्थिक ऐन, २०७९

४. वीरेन्द्रनगर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४

**निर्णय न. ४**

यस नगरपालिकामा सडक बोर्ड नेपाल अन्तर्गतको आ.व. २०७८।०७९ को सडक मर्मत गर्ने कार्य विभिन्न कारणवस समयमा सम्पन्न हुन नसकेको अवस्थामा सडक वोर्ड नेपालबाट रकमको सुनिश्चितता सहित म्याद थप हुने भएकोले ठेकेदार पक्षलाई २०७९ फागुन मसान्त सम्ममा योजना सम्पन्न गर्ने कार्यतालिका पेश गर्न लगाई कार्य सम्पादन जमानत र पेश्की जमानत समेत राखी उल्लेखित योजनाहरुको म्याद थप गरि सिघ्र कार्य सञ्चालन गर्ने ।

**निर्णय न. ५**

आयोजना व्यवस्थापन सम्वन्धमा देहाय वमोजिम गर्ने

(क) भैरव उच्च मा वी.न.पा. ४ मा २०७७ वैशाख ३१ गते विद्यालय व्यवस्थापन समिति र यस कार्यालय वीच ३ कोठे भवन र भर्याङ मिति २०७७ असोज ३० गते सम्पन्न गर्ने गरी सम्झौता भई सो वाफतको रकम विद्यालय व्यवस्थापन समितिका नाममा पेश्की दिईएकोमा हाल सम्म कुनै पनि काम नभएको साथै २०७८ र २०७९ सालको अन्तिम लेखा परिक्षणले समेत यस विषयमा बेरुजु समेत औल्याएकोमा यस आयोजनाको मिति २०८० असार १५ गतेसम्म म्याद थप गरी सम्झौता भए अनुसारको दररेटमा नै कार्य सम्पन्न गर्ने गरी नियमानुसार पेश्की फछ्यौट गर्ने ।

(ख) श्रीकृष्ण संस्कृत तथा साधारण उच्च मा.वी. ईत्राम वी.न.पा. ७ मा समेत २०७७ सालमा सम्झौता भई सो वाफतको रकम विद्यालय व्यवस्थापन समितिका नाममा पेश्की दिईएकोमा हाल सम्म कार्यसम्पन्न नभएको हुँदा अन्तिम लेखा परिक्षणले औल्याएको बेरुजु समेतलाई मध्यनजर गर्दै यस आयोजनाको मिति २०८० असार १५ गतेसम्म म्याद थप गरी सम्झौता अनुसारको दररेटमा नै कार्य सम्पन्न गर्ने गरी नियमानुसार पेश्की फछ्यौट गर्ने ।

(ग) चालु आ.व. २०७९।०८० को नगर स्तरिय आयोजना अन्तर्गत आचार्य चोक कृष्ण मन्दिर बाटो निर्माण अन्तर्गत ठेक्का प्रक्रिया मार्फत कार्य सुचारु गर्ने बखतमा सोही स्थानमा संघीय आयोजना कार्यान्वयन इकाई कार्यालयबाट ठेक्का भएकाले दोहोरो परेको उक्त आयोजनाको रकम वडा न. ८

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

भित्रको वडा समितिले तय गरेको उपयुक्त स्थान (वातावरण टोल मनहरी ढकाल घर देखी दक्षिण तर्फको सडक) मा गुणस्तरीय ढङ्गले पूर्वाधारको कार्य सञ्चालन गर्ने ।

(घ) नगर गौरवको आयोजना अन्तर्गतको गौशाला निर्माण कार्यको पूर्वाधार तर्फ दाना संकलन गर्ने स्टोर निर्माण, शौचालय, ढुगांको पक्की वाल,कुरुवा घर र तलाउ निर्माण गर्नका लागी प्राविधिक लागत अनुसारको कार्य कर्णाली प्रदेश सरकार र यस कार्यालयको आ.व. २०७९/०८० मा विनियोजीत उपयुक्त शिर्षकबाट निर्माण प्रक्रिया सिघ्र रुपमा अघि बढाउने ।

निर्णय नं ६

क) नगर क्षेत्र भित्रका अति आवश्यक, नगर गौरव एंव दुरगामी महत्व राख्ने देहायका योजना तथा कार्यक्रमका लागि विभिन्न संघ,संस्था तथा वडाबाट माग भई आएको सन्दर्भमा चालु आ व २०७९।८० का लागि स्वीकृत बसपार्क व्यवस्थापन, घण्टाघर घडी मर्मत, टुक्रे योजना, खानेपानी योजना, म्याचिङ्ग फण्ड र गत आ.व.को बचत सहितका आयोजनाहरुबाट बचत रकम तथा आयोजना संशोधन गरी नयाँ योजना तथा कार्यक्रम आगामी १२ औ नगरसभा समक्ष स्वीकृतीका लागी पेश गर्ने।

| क स | योजनाको नाम | वडा न | बजेट | कै |
|---|---|---|---|---|
| १ | सिमलचोक देखी उत्तर पानी टेङ्कि सम्म नाला निर्माण | वडा नं१ . | २,०००,००० | |
| २ | ठूलो थारु गाउँ हुँदै समाज कल्याण जाने बाटो कालो पत्रे तथा स्तरोन्ती | वडा नं२ . | ३,०००,००० | |
| ३ | पतेनी रोड देखी वडा कार्यालय हुँदै हरीडिल विद्यालय सम्म जाने सडक कालोपत्रे तथा नाला निर्माण | वडा नं३ . | २,०००,००० | |
| ४ | गण्डकी टोलमा ढल निकास | वडा नं३ . | २,०००,००० | |
| ५ | हिलेखाली टोलमा कलर्भट निर्माण | वडा न ३ | २,०००,००० | |
| ६ | भैरव मा.वी. अधुरो भवन निर्माण | वडा नं४ . | २,०००,००० | |
| ७ | गणेश चौक देखि खम्वा लाईन जीर्ण सडक मर्मत तथा कालोपत्रे | वडा न ५ | १,५००,००० | |
| ८ | कृष्ण हमालको घर हुदै जाने सडक कालोपत्रे | वडा न ५ | ५००,००० | |
| ९ | वडा न ६ को खोला किनार पुल्चोक टोल, शान्ती टोल र प्रगती टोल जाने सडकमा ब्लक बिच्छाउने कार्य | वडा नं६ . | १,५००,००० | |
| १० | मंगलगढी, ऐरीचौक, तिनकुने, घण्टाघर लगायत अन्य महत्वपुर्ण चोकको शौन्दर्यकरण (तैलीय ईट्टा राखी) | वडा नं६ . | १,५००,००० | |
| ११ | वीरेन्द्रनगर बजार क्षेत्रको पार्किङ व्यवस्थापन | वडा नं ६ र ८ . | ३,०००,००० | |
| १२ | ट्राफिक लाईन व्यवस्थापन मंगलगढी र ऐरीचौक | वडा न ६४/ | १,०००,००० | |
| १३ | घेरेलु चोक देखी सभापतीको घर सम्मको सडक पिच | वडा नं७ . | २,०००,००० | |

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

मोहनमाया ढकाल (भण्डारी) नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १४ | पौडेल साईलाको घरको ठाडो बाटो | वडा नं७ . | १,000,000 | |
| १५ | घण्टाघर पार्कको वाल निर्माण | वडा नं८ . | ६,000,000 | |
| १६ | घण्टाघर बाहिर पार्क व्यवस्थित गर्ने कार्य | वडा नं८ . | २,000,000 | |
| १७ | नगर अस्पताल चोक व्यवस्थापन | वडा नं७ . | ५00,000 | |
| १८ | गत आ.व. को अलपत्र सडक कालोपत्रे | वडा नं८ . | ४,000,000 | |
| १९ | तीलपुर देखी अलायचौर धर्मपुर जाने सडक स्तरोन्नती तथा कालोपत्रे | वडा नं९ . | ५,000,000 | |
| २० | विष्णु बुढाको घर देखी बल प्रसाद जैसीको घर सम्म नाला निर्माण | वडा नं१० . | ५00,000 | |
| २१ | राजमार्ग देखी ग्रागेताल सडक लगायत विभिन्न सडकको स्तरोन्नती कालोपत्रे | वडा नं११ . | ४,000,000 | |
| २२ | पिपिरा चोक देखी नेवारे खोला सडक स्तरोन्नती | वडा नं११ . | १,000,000 | |
| २३ | प्रगतिशिल महिला सहकारी भवन निर्माण | वडा नं११ . | ७00,000 | |
| २४ | चारकुने सामुदायिक भवन निर्माण | वडा नं११ . | ५00,000 | |
| २५ | श्याम विको घर देखि आत्माराम उपाध्यायको घर सम्मको अधुरो .सी. वाटो | वडा न ११ | २५0,000 | |
| २६ | हस्तविर विद्यालय अनुदान | वडा नं१२ . | ५00,000 | |
| २७ | स्याकलाईन वरपर नाला निर्माण | वडा नं१२ . | ४,000,000 | |
| २८ | उत्पत्तेश्वर मन्दिर (वतासे डाँडा) मेशनरी वाल निर्माण | वडा नं१२ . /१३ | १५0,000 | |
| २९ | नारायण टोलको सामुदायिक भवन | वडा नं१२ . | ५00,000 | |
| ३० | टिकाराम वि.क. को घर देखी पश्चिम जाने बाटो स्तरोन्नती | वडा नं. १२ | २,५0,000 | |
| ३१ | पानीटेक्डी पश्चिम सिचाई कुलो | वडा नं. १२ | २,५0,000 | |
| ३२ | गर्गरि स्वास्थ्य चौकी भवन फिनसिङ कार्य | वडा नं१३ . | १,000,000 | |
| ३३ | गुसीपुर टोल दुधे विष्णु वराह मन्दिर मेशनरी वाल निर्माण | वडा नं१३ . | १५0,000 | |
| ३४ | सामुदायिक भवन चर्च व्यवस्थापन (कृष्टिय चर्च भवन) | वडा नं१३. | ४00,000 | |
| ३५ | करेखोला ईन्द्रपुर सिचाई कुलो | वडा नं१३ . | ७00,000 | |
| ३६ | करेखोला खानेपानी पाईपलाईन विस्तार | वडा नं१३ . | २00,000 | |
| ३७ | मष्टा मन्दिर ट्रस तथा कोठा निर्माण | वडा नं१४ . | २५0000 | |
| ३८ | वडा नं१४ कृषि सडक . | वडा न १४ | २,000,000 | |
| ३९ | मेलपानी शिव माण्डव्य मन्दिर ट्रस तथा अधुरो मन्दिर निर्माण | वडा नं१४ . | २५0,000 | |
| ४० | अत्यावश्यक वडा कार्यालय सम्म जाने सडक स्तरोन्नती | वडा नं१५ . | १,000,000 | |
| ४१ | वडा कार्यालय भवन सम्पन्न गरी फिनिसिङ्ग र फर्निसिङ्ग समेत | वडा नं१६ . | १,५00,000 | |
| ४२ | आदर्श माअधुरो भवन निर्माण .वि. | वडा न १६ | २३0,000 | |
| ४३ | विभिन्न विद्यालयलाई अनुदान( सुर्य आविश्वकाली .वि.सरस्वती प्रा .वि. .वि.आ) | वडा न १६ | ३00,000 | |
| ४४ | वडा न १ देखी १२ सम्म खानेपानी योजना व्यवस्थापन (प्रत्येक | सबै वडा | १,२0,00000 | |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | वडामा १० लाखका दरले कम्तीमा १०० परिवार लाभावित हुने गरी आयोजना छनोट गर्ने) | | | |
| ४५ | वडा न ९ र १० लगायतका सम्भाव्य स्थानमा हाट बजार प्रति गोटा १० लाखका दरले | नगरस्तरीय | ४,०००,००० | |
| ४६ | भूमी आयोग व्यवस्थापन | नगकरस्तरीय | १,५००,००० | |
| ४७ | जेहेन्दार महिलाहरु लागी लोक सेवा तयारी कक्षा | नगरस्तरीय | २००,००० | |
| ४८ | बाल विवाह विरुद्धको साझा संजाल सहकार्य कार्यक्रम | नगरस्तरीय | ५००,००० | |
| ४९ | महिला तथा बालबालिकाको लागी सुरक्षित आवास गृह व्यवस्थापन आवाज संस्था सहकार्य | नगरस्तरीय | ३००,००० | |
| ५० | अपाङ लक्षित कार्यक्रम | नगरस्तरीय | ४००,००० | |
| ५१ | ज्येष्ठ नागरिक साझेदारी कार्यक्रम | नगरस्तरीय | ४००,००० | |
| ५२ | सि सि टि भि थप तथा मर्मत | नगरस्तरीय | १,०००,००० | |
| ५३ | यस पूर्व खरिद गरिएका मोटरसाईकलको दायित्व भुक्तानी | नगरस्तरीय | ८,००,००० | |
| ५४ | वागीना समुह थिएटर भवन निर्माण सहकार्य | नगरस्तरीय | १,५००,००० | |
| ५५ | नगरपालिकाको आवधिक योजना निर्माण | नगरस्तरीय | १,०००,००० | |
| ५६ | विभिन्न विद्यालयको सौचालय निर्माण सहकार्य | स्याक नेपाल | ७००,००० | |
| ५७ | शान्ती लाईन टोल नाला निर्माण वडा न ५ | | २००,००० | |
| ५८ | दुर्गा मन्दिर योगा भवन निर्माण | वडा न १ | ५००,००० | |
| ५९ | देउती बज्यै मन्दिर पुर्वाधार निर्माण तथा मर्मत सम्भार | | ५००,००० | |
| ६० | गौशाला व्यवस्थापन सहकार्य | | १,०००,००० | |
| ६१ | विपद व्यवस्थापनका लागि ग्याविङ्क जाली खरिद | | १,०००,००० | |
| ६२ | सिकलसेल मेशिनरी औजार सहयोग | कर्णाली प्रदेश अस्पताल | १,०००,००० | |
| ६३ | चनौटे कल्भर्ट जागरण टोल वि न पा १२ | | ५,००००० | |
| ६४ | कपासे तिनघरे वैसेनी कृषि सडक वी न पा १३ | | ६,००००० | |
| ६५ | सशस्त्र प्रहरी बल बार्गेसिमलमा प्रतिक्षालय निर्माण | | ५,००००० | |
| ६६ | नगरपालिका स्थापना दिवस कार्यक्रम | | २५०००० | |
| ६७ | वडा न १३ हुँदै १५ को वडा कार्यालय जाने बाटोमा कचवे निर्माण | | ७,००००० | |

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कर्णाली प्रदेश, नेपाल
२०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

ख) यस नगर भित्र देहायको कार्यक्रम संचान गर्न विभिन्न सघ संस्थाहरुले सहकार्यताको लागि प्रस्ताव पेश गरेको सन्दर्भमा चालू आ.व. ०७९/०८० को स्वीकृत वजेट योजना कार्यक्रमबाट तपशिल अनुसार सहकार्य गर्ने।

| क.सं. | प्रस्तावक संस्थाको नाम ठेगाना | प्रयोजन | सहकार्य रकम | वजेट शिर्षक |
|---|---|---|---|---|
| १ | तमू छोंज धीं | गुरुङ्ग कला संस्कृती सम्बन्धि कृती प्रकाशन | ५०००० | कला साहित्य कार्यक्रम |
| ३ | नेपाल अर्बुद रोग निवारण संस्था | क्यान्सर रोग न्यूनिकरणका लागि कार्यक्रम संचालन खर्च | १००००० | चालु तर्फको उपयूक्त शिर्षक |
| ५ | सिकल सेल सामुदायिक अस्पताल तथा अनुसन्धान केन्द्र जिल्ला समन्वय समिति सुर्खेत । | जनचेतना मुलक कार्यक्रम गर्न | ५०००० | चालु तर्फको उपयूक्त शिर्षक |
| ६ | नेपाल मगर संघ जिल्ला समन्वय समिति सुर्खेत | लखन थापा स्मृती व्याडमिन्टन प्रतियोगिता | ५०००० | चालु तर्फको उपयूक्त शिर्षक |
| ७ | नेपाल रेडक्रस सोसाईटी सुर्खेत | जिल्ला अधिवेशन खर्च | ५०००० | चालु तर्फको उपयूक्त शिर्षक |
| ८ | भेरी वहिरा संघ | संकेतिक भाषा तालिम | २००००० | |
| ९ | LEO कलव | हरित विद्यालय | २००००० | हरियालि प्रवर्द्धन तथा वातावरण पेज ४२ |
| १० | SOS हर्मन माईनर विद्यालय | अभिभावक शिक्षा | ५०००० | चालु तर्फको उपयूक्त शिर्षक |
| ११ | ऋति फाउण्डेसन | कर्णाली उत्सव | ५०००० | नगर गौरव राष्ट्रिय तथा प्रादेशिक कार्यक्रम संचालन |
| १२ | वडा कार्यालयहरु (४, ६, ७, ८, ११ र १२) | वडा भवन निर्माण ( प्रति वडा १६ लाख का दरले) | ९६००००० | वडा कार्यालय भवन निर्माण |

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७४

मोहनमाया ढकाल भण्डारी
नगर प्रमुख

निर्णय नं ७: यस नगरपालिकाको चालु आ.व. २०७९/०८० को योजना तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा नगर गौरव तथा रणनीतिक महत्वका देहायका विषयहरु आगामी बाह्रौ नगर सभामा स्वीकृति/अनुमोदनका लागि पेश गर्ने ।

(क) चालु आर्थिक वर्षमा नगरकार्यपालिका, नगर प्रमुख, नगर उप- प्रमुख र प्रमुख प्रशासकीय अधिकृत स्तरवाट भए गरेका निर्णयहरुको अनुमोदन तथा अधिकार प्रत्यायोजन गर्ने ।

(ख) चालु आ.व. २०७९।८० मा नगरपालिकाबाट भए गरेका आयोजना तथा कार्यक्रमहरुको सेवा प्रवाह तथा विकास व्यवस्थापन सहितको एकिकृत अर्धवार्षिक समिक्षा प्रतिवेदन सभा समक्ष पेश गर्ने ।

(ग) आगामी आर्थिक वर्षका लागी यस नगरपालिकाका अति आवश्यकीय, रुपान्तरणकारी, रणनीतिक महत्वका तथा नगर महत्वका पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास,वातावरण तथा सुशासन तर्फका विषय क्षेत्रका योजनाहरु परियोजना बैंक तयार गरी नगरपालिकाको बजेटले पुरा हुन सक्ने योजना नगरपालिकाले गर्ने र स्रोत नपुग हुने योजना संघ तथा प्रदेश सरकार सँग माग गर्ने ।

(घ) विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा संघीय सरकार, कर्णाली प्रदेश सरकार र वीरेन्द्रनगर नगरपालिकाको लगानीमा नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र यस नगरपालिका बिच मिति २०७९।०५।१६ गते भएको दुईपक्षीय सम्झौता बमोजिम संचालन हुन गईरहेको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार विकास आयोजना अन्तर्गत भेरी पम्पिङ्ग उप-आयोजना कार्यान्वयनका लागि यस नगरपालिकामा नगर प्रमुख संयोजक रहेको पालिका स्तरीय आयोजना कार्यान्वयन समितिलाई कानून बमोजिम गर्नुपर्ने सम्पुर्ण कामहरु गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सभा समक्ष पेश गर्ने ।

निर्णय नं ८: विविध

वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्रको समग्र खानेपानी व्यवस्थापनका लागि दीर्घकालीन सोच सहितको नगर स्तरीय ऐन तर्जुमा गर्न वान्छनीय भएकाले सरोकारवाला पक्ष र नगरपालिकाका सम्बन्धित शाखाहरुसँग समन्वय गरी खानेपानी व्यवस्थापन विधेयक तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने ।

२०७९।१०।२६
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३